महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
मुस्ताङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

मुस्ताङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

मुस्ताङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ७७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
वारागुङ मुक्तिक्षेत्र गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, मुस्ताङ।

कैफियत सहितको राय

हामीले वारागुङ मुक्तिक्षेत्र गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड २५ लाख ७१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु ४८ लाख ६५ हजार र पेश्की ४३ लाख ८२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ९२ लाख ४६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड १८ लाख १७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५६	२७	१२५७१	०	०	०	५६	२७	१२५७१	४७३	४८६५	२८५१	०	०	७७१६	४३८२

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
वारागुङ मुक्तिक्षेत्र गाँउपालिका, मुस्ताङ	३९२४६	०	०	३९२४६	०	१२५७१	५१८१७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	JIT BAHADUR RANA	२०७८-१२-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	AMRIT PRASAD REGMI	२०७६-८-१९	हाल सम्म कार्यरत
		बेरुजु रकम	१२,५७१,२०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,९२,३९,११५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२०,९८,४५,०००	**चालु खर्च**	१०,३४,३८,५०१
प्रदेश सरकारबाट अनुदान	१,५६,७३,०००	**पूँजीगत खर्च**	११,५२,२४,६३९
राजश्व बाँडफाँट	३,७२,७६,६९७	**वित्तीय/अन्य व्यवस्था**	८,६०,१८,८४८
आन्तरिक आय	२७,८२,०६६		
अन्य आय	२,१४,५२,१०७		
कुल आय	२८,७०,२८,८७०	**कुल खर्च**	३०,४६,८१,९८८
बाँकी मौज्दात		१२,१५,८५,९९७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड, मार्गदर्शन, असल अभ्यास समेतलाई आधार मानी नमूना छनौट (Sampling) का आधारमा गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी परीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको जिम्मेबारी व्यवस्थापन पक्षमा रहने छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा संघीय सशर्त अनुदानतर्फ खर्च नभई बाँकी रहेको रु.९२,०१,२२५।०, अनुगमन भत्ता रु.२३,२००।० राजस्व असुली र दाखिला नभएको रु.७,०००।० र आलेप बेरुजु रु.६,१६१।० समेत रु.९२,३७,५८६।० असुल भई सक्बन्धित सञ्चित कोष दाखिला भएको भौचर प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस वारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु वारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ८८५.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा २३३० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>स्थानीय संचितकोषःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समावेश गरी स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७८/७९ को वित्तीय कारोबारको स्थिती देहाय बमोजिम रहेको छः-
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th colspan="2">आय</th><th rowspan="2">क्र. सं.</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारीः-</td><td></td><td>१</td><td>गाउँपालिका बजेट खर्च</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

	क. सञ्चित कोष बैक मौज्दात	१३६२३६०७५		क. चालु खर्च	५६६२१००६
	ख. धरौटी खाता	२०१२५६७		ख. पूँजीगत खर्च	३७७४३५८७
	ग. प्रकोप व्यबस्थापन कोष खाता	९९०४७३	२	**गत वर्षको दायित्व खर्च**	४६३३१५०३
२	**यस वर्षको राजस्व र आन्तरिक आयः-**		३	**संघीय सरकार अनुदान खर्च**	
	क. आन्तरिक राजस्व	२७८२०६६		क. चालु खर्च	४६८१७४९५
	ख. संघीय राजस्व बाँडफाट	३४१९९३९१		ख. पूँजीगत खर्च	२५४२७५४९
	ग. प्रदेश राजस्व बाँडफाट	३०७७३०६	४	**प्रदेश सरकार अनुदान खर्च**	
	घ. अन्य आय	५४१०००		क. प्रदेश विशेष अनुदान	७२२०००
३	**संघीय वित्तीय हस्तान्तरणः-**			ख. प्रदेश समपूरक अनुदान पूँजीगत	५००००००
	क. वित्तीय समानीकरण अनुदान	६९८०००००	५	**हस्तान्तरित कार्यक्रम**	
	ख. ससर्त अनुदान चालु	९२२४५०००		क. सामाजिक सुरक्षा	१९१००९७१
	ग. ससर्त अनुदान पूँजीगत	१४१०००००		ख. प्रदेश शिक्षा सँस्कृति	९७००००
	घ. विशेष अनुदान पूँजीगत	३३७०००००	६	**म्यानुअल खर्च प्रशासिकय भवन कम्पाउण्ड**	१९५१८५३
४	**प्रदेश वित्तीय हस्तान्तरणः-**		७	**प्रकोप व्यबस्थापन खर्च**	६८४४३
	क. प्रदेश वित्तीय समानीकरण अनुदान	४९५१०००	८	**धरौटी खर्च**	३२८८५०
	ख. प्रदेश विशेष अनुदान	५७२२०००	९	**निकासा फिर्ता**	
	ग. प्रदेश समपूरक अनुदान पूँजीगत	५००००००		क. संघीय ससर्त अनुदान चालु	४४०३२६३४
४	**हस्तान्तरित कार्यक्रम**			ख. संघीय ससर्त अनुदान विशेष र पूँजीगत	१४५६६०९७
	क. सामाजिक सुरक्षा	१९१००९७१		ग. प्रदेश विशेष अनुदान	५००००००
	ख. प्रदेश शिक्षा सँस्कृति	९७००००	१०	**बैङक मौज्दात (स्रेस्ता अनुसार)**	
५	**धरौटि प्राप्त**	८४०१३६		क. सञ्चितकोष खाता	२७८६५५७९

				ख. चालु खर्च खाता	३१३२२६२४
				ग. पूँजिगत खर्च खाता	५८४१०९११
				घ. प्रकोप व्यबस्थापन कोष खाता	९२२०३०
				`धरौटि खाता	२५२३८५३
				च. विविध खर्च	५४१०००
	जम्मा	४२६२६७९८५		**जम्मा**	४२६२६७९८५

५			**वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था बमोजिम २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट प्राप्त हुने म.ले.प. फा.नं. 272 को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
६			**जिम्मेवारी फरक परेको** : स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । स्थानीय तहको आर्थिक वर्ष 207८/7९ को लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१३,८३,६३,५५६।० मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.१३,९२,३९,११५।० जिम्मेवारी सारेको देखियो । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८,७५,५५९।०० बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तीय विवरणमा कुनै खुलासा गरेको पाइएन ।	
७			**बचत रकम सन्चित कोषमा ट्रान्सफर नगरेको**ः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खातामा रु.३,१३,२२,६२४।० र पूँजीगत खातामा रु.५,८४,१०,९११।०० बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार नगरी चालु अर्थिक वर्षमा सञ्चित	

			कोषमा ट्रान्सफर गरेको छ । आर्थिक वर्षको अन्त्यमा ती खाताको मौज्दात शून्य बनाई सञ्चिच कोषमा ट्रान्सफर नगर्दा सञ्चित कोषको यथार्थ हिसाब नआउने हुँदा कानूनी व्यवस्थाको कार्यान्वयन गरी सञ्चित कोषको हिसाब पारदर्शी र यथार्थपरक बनाइनुपर्दछ ।	
८			**भुक्तानी हुन बाँकी चेकः** स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अनुसार आर्थिक वर्षमा खिचिएका चेकहरु चालु आर्थिक वर्षको श्रावण १५ गतसम्म भुक्तानी हुन नसकेमा उक्त चेकको रकम बराबर आम्दानी र खर्च समायोजन गर्नुपर्नेमा रु.४,५०,८१७।० समायोजन नगरी खर्चमा लेखाङ्कन गरेको छ । भुक्तानी हुन नसकेका चेकबाट भएको खर्च कार्यालयले सम्बन्धित खर्च शिषर्कमा लेखाङ्कन गरेकोमा सो खर्चको चेक भुक्तानी नभएको अवस्थामा यथार्थ खर्च नभएकोले सो रकमलाई समायोजन गरी खर्च घटाउनुपर्नेमा सो अनुसार नगरेकोले कार्यालयको खर्च यथार्थपरक छ भनी यकिन गर्न सकिएन ।	
९			**विनियोजन ऐन र सञ्चित कोषबाट खर्चः** पालिकाको विनियोजन ऐन २०७८ अनुसार आर्थिक वर्ष २०७८।७९ को लागि स्थानीय सञ्चित कोषबाट रु.२९,९१,२५,०००।० खर्च गर्न सक्ने अधिकारको सीमा तोकेको छ । विनियोजन ऐन अनुसार सोही सीमाभित्र रही स्थानीय सञ्चित कोषबाट रकम झिक्न सक्ने व्यवस्था रहेकोमा यो वर्ष कार्यालयले स्थानीय सञ्चित कोषबाट चालु र पूँजीगत खर्च खातामा रु.४०,४०,३७,८०१।० ट्रान्सफर गरेको छ । विनियोजन ऐनले गरेको व्यवस्थाभन्दा स्थानीय सञ्चित कोषबाट रु.१०,४९,१२,८०१।० बढी झिकेको देखिएकोले विनियोजन ऐनले तोकेको सीमा भित्र रही स्थानीय सञ्चित कोषबाट रकम झिक्ने व्यवस्था गरिनुपर्दछ ।	
१०			**अवकाश कोष**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।	
११			**आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिताः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख छ। यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्ः-	

			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन। • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।	

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आँशिक रुपमा गरेको पाइयो।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **अनुत्पादक खर्च :–**सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम रुपमा सार्वजिनक प्रतिफल हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले यो वर्ष निजी खेतमा तारजाली लगाउने कार्यका लागी देहाय अनुसार रु. २० लाख बजेट बिनियोजन गरी रु.१८ लाख ७४ हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

क्र.सं.	योजनाकोनाम	बजेट	खर्च
१	तिरी खेत तारजाली	३०००००	२६७२८०
२	शाङ्ताखेतमा तारजालि	१००००००	९२१६२६
३	घ्याकरखेत तारवार	२०००००	१९४०००
४	फल्याक खेतबारीमा तारजालि	३०००००	२९१०००
५	पुटाक खेतबारी संरक्षण	२०००००	२०००००
जम्मा		**२००००००**	**१८७३९०६**

१३ **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा

			कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समितिको २०७८।३।२ को निर्णयले रु.१५,१८,३२,०००।० र पूँजीगततर्फ रु.१३,७२,९३,०००।० को बजेट सीमा निर्धारण गरेको छ । तर २०७८।३।१० को गाउँसभाले रु.३८,२०,४२,२०३।० को बजेट तथा कार्यक्रम पारित गरी रु.४०,१८,१२,८३७।० आम्दानी गरेको छ । स्रोत अनुमान समितिले तोकेको बजेट सीमाभन्दा बढि हुने गरी बजेट अनुमान गरेको र अनुमानित आयभन्दा रु.१९,७,७०,६३४।० बढी आम्दानी गरेको छ । स्रोत अनुमान र आय व्ययको अनुमान गर्दा यथार्थमा आधारित भई आम्दानी र खर्चलाई अनुमानयोग्य बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१४			**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा कानुनी व्यवस्था बमोजिम समिति गठन भएको देखिएन ।	
१५			**राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक २०७८।२।३१ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।	
१६			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यस वर्ष लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष १ उजुरी परेकोमा मेलमिलाप भई कुनै उजुरी फस्योंट गर्न बाँकी रहेको पाइएन।	
१७			**विषयगत समिति गठनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा त्यस्ता समितिहरुको गठन र समितिका निर्णयहरु माग गर्दा पेश हुन आएन । कानुनी व्यवस्था बमोजिम विषयगत समिति गठन गरी समितिलाई सक्रिय र प्रभावकारी बनाउनुपर्दछ ।	

<table>
<tr><td>१८</td><td></td><td></td><td>कर्मचारी दरवन्दीः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यनमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको कर्मचारी सम्वन्धी विवरण अनुसार कूल ६१ दरबन्दी रहेकोमा ४५ पदपूर्ति भएको छ । दरवन्दी अनुसारको पदपूर्ति नहुँदा पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न विषयगत शाखाका कार्यक्रमहरु सञ्चालन हुन नसकी जनताले प्राप्त गर्ने सेवा सुविधाहरुबाट वञ्चित हुने अवस्था रहेकोले दरवन्दी अनुसार पदपूर्ति गरी स्वीकृत वार्षिक नीति कार्यक्रम अनुसारका कार्यक्रमहरु सम्पादन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना र कार्यान्वयन :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। गाउँपालिकाबाट यस वर्ष कार्यान्वयन भएका योजनाहरु र बजेट देहायअनुसार रहेका छन्ः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>रु. १ लाख सम्मका</td><td>२</td><td>२०००००</td><td>९५१६४</td></tr>
<tr><td>२</td><td>रु. १ लाख भन्दा बढी ५ लाख सम्म</td><td>६२</td><td>२०२२००००</td><td>१११०५७६२</td></tr>
<tr><td>३</td><td>रु. ५ लाख भन्दा बढी १० लाख सम्म</td><td>२५</td><td>२२८०००००</td><td>११३५०५६२</td></tr>
<tr><td>४</td><td>रु. १० लाख भन्दा बढी ५० लाख सम्म</td><td>१५</td><td>३६५८००००</td><td>१५१९२०९९</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा बढी</td><td>१</td><td>१०५०००००</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०५</td><td>९०३०००००</td><td>३७७४३५८७</td></tr>
</table>
पुँजीगत
कार्यक्रम तर्फ यो वर्ष कार्यान्वयनमा ल्याइएका १०५ योजना मध्ये ४४ योजनाको प्रगती शुन्य रहेको, ४ योजनाको प्रगति ५० प्रतिशतभन्दा कम रहेको, ३ योजनाको प्रगति ७५ प्रतिशत सम्म रहेको छ भने ५४ योजनाको वित्तीय प्रगती ७५ प्रतिशत देखी शतप्रतिशतसम्म रहेको देखिन्छ । पालिकाले भौतिक प्रगती देखिने गरी प्रगती प्रतिवेदन तयार नपारेको कारण भौतिक प्रगती यकिन गर्न सकिएन । कार्यान्वयनमा ल्याइएका योजनाहरु शतप्रतिशत प्रगती हासिल गर्ने तर्फ ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

२०

चौमासिक पूँजीगत खर्च:पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

पूँजीगत खर्च	बजेट व्यवस्था	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
कूल खर्चः	१४८८२२	६८८९३	४०२९	१५६०	६३३०२	५१८९१
खर्च प्रतिशत		४६.२९	५.८५	२.२६	९१.८८	७५.३२

उल्लिखत तालिका अनुसार पूँजीगत खर्चको वार्षिक अनुमानको ४६.२९ मात्र खर्च भएको छ । सो मध्ये प्रथम चौमासिकमा ५.८५ प्रतिशत, दोस्रो चौमासिकमा २.२६ प्रतिशत, तेस्रो चौमासिकमा ९१.८८ प्रतिशत, र आषाढ महिनमा ७५.३२ प्रतिशत खर्च भएको देखिन्छ । पालिकाको वार्षिक बजेट २०७८।०३।१० मा पारित भएतापनि अधिकांश खर्च तेस्रो चौमासिक र आषाढ महिनामा खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२१

खरिद विधी : पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष देहाय अनुसार बोलपत्र, दरभाउपत्र, उपभोक्ता समिति मार्फत खरिद कार्वाही गरेको छ ।

(रकम रु. हजारमा)

खरिद विधि	गाउँपालिका	संघीय सशर्त अनुदान	प्रदेश सशर्त अनुदान	जम्मा
बोलपत्र	३७९८	४९९०	०	८७८८
सिलबन्दी दरभाउपत्र	४२११	०	०	४२११
सोझै खरिद	६९८१	३४१	०	७३२२
उपभोक्ता समित	२२७५६	३२३	५७२२	२८८०२
गैसस	०	१९७७०	०	१९७७०
जम्मा	**३७७४६**	**२५४२४**	**५७२२**	**६८८९२**

उल्लिखित तालिका अनुसार बोलपत्रको माध्यमबाट रु.८७ लाख ८८ हजार, सोझै खरिद रु.७३ लाख २२ हजार, उपभोक्ता समितिमार्फत रु.२ करोड ८८ लाख २ हजार र गैससमार्फत रु.१ करोड ९७ लाख ७० हजार खर्च गरेको देखिन्छ । विकास निर्माणका कार्य खुला

			प्रतिस्पर्धाका आधारमा गर्दा लागत खर्चमा कमी आउने र निर्माण व्यवसायीको अनुभव क्षमता र स्रोत साधनको उपलब्धता समेत सुनिश्चित हुने हुँदा खुला बोलपत्रका आधारमा विकास निर्माणका कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२२			**क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४,८४,६८,०००	२,५४,७४,४०५	५२.५६
सामाजिक विकास	७,४०,१५,०००	४,६९,९९,६७७	६३.५०
पूर्वाधार विकास	८,९५,००,०००	३,०२,१६,४९२	३३.७६
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५,०५,७७,२०३	४,८५,४९,६६६	९५.९९
कार्यालय सञ्चालन तथा प्रशासनिक	११,९४,८२,०००	६,७४,२२,८९७	५६.४३
जम्मा	३८,२०,४२,२०३	२१,८६,६३,१३७	५७.२३

			उपर्युक्त तालिका बमोजिम बजेटको तुलनामा सबै भन्दा कम पूर्वाधार विकास क्षेत्रमा ३३.७६ प्रतिशत र सबै भन्दा बढी सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा ९५.९९ प्रतिशत खर्च भएको छ ।	
२३			**खर्च बिश्लेषण**–पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२७,८२,०६६।० राजस्व बाँडफाँट र अनुदानबाट रु.२८,०६२४,,६०२।० समेत रु.२८,३४,०६,६६८।० आम्दानी भएकोमा चालु तर्फ रु.१४,९७,७०,००१।० र पूँजिगत तर्फ रु.६,८८,९३,१३६।० समेत रु.२१,८६,६३,१३७।० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.२७ प्रतिशत रहेको छ । यो बर्ष पदाधिकारी सुबिधामा रु.५६,९२,२२४।० खर्च भएको छ जुन आन्तरिक आयको २०४.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५३ प्रतिशत चालु र २४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
२४			**सेवा प्रवाह :-** कार्यालयले पेश गरेको विवरण अनुसार पालिकाले प्रवाह गर्ने मुख्य सेवाहरुमध्ये यो वर्ष नागरिकता सिफारिश ६५, घरबाटो सिफारिश ३५, नाता प्रमाणित १२७, जम्म तथा मृत्यु दर्ता ६५ र अन्य २५० को संख्यामा सेवा प्रवाह गरेको छ । जनताको नजिकमा रहेको सरकारबाट जनताले सरल र सहज रुपमा सेवा प्राप्त गर्ने गरी पालिकाले कार्यसम्पादन गर्नेतर्फ केन्द्रीत हुनुपर्दछ ।	

२५			**गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२६			**स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
२७			**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली
एकीकृत सम्पती कर	२०००००	१४६४०१८
भुमिकर/मालपोत	१०००००	५१८९८३
घर वहाल कर	१०००००	१९७९९५
सवारी साधन कर (सानासवारी)	५००००	०
अन्य मनोरञ्जन कर	५००००	०
व्यवसायले भुक्तानी गर्ने	३०००००	१००००
कृषि तथा पशु जन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	८००००	३५०००

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य कर</td><td>१५००००</td><td>३३७९४३</td></tr>
<tr><td>कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम</td><td>२०००००</td><td>८००००</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>१५००००</td><td>११६९५१</td></tr>
<tr><td>पार्किङ्ग शुल्क</td><td>७०००००</td><td>०</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>५०००००</td><td>१३८००</td></tr>
<tr><td>न्यायिकदण्ड, जरिवाना र जफत</td><td>५०००</td><td>०</td></tr>
<tr><td>प्रशासनिकदण्ड, जरिवाना र जफत</td><td>५००००</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>२६३५०००</td><td>२७७४६९०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी दाखिला गर्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस्ता प्रकारका कुनैपनि कर संकलन गरेको पाइएन । यस गाउँपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>खरिद सम्झौताको अन्त्य :- सार्वजिनक खरिद ऐन, २०६३ को दफा ५९ मा आपुर्तिकर्ता वा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौताको अन्त्य गर्न सकिने र यसरी खरिद सम्झौताको अन्त्य गर्दा खरिद सम्झौता बमोजिमको काम आपुर्तिकर्ता वा निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागी लाग्ने थप खर्च वापत निजले व्यहोर्नु पर्ने दायित्व सहितको वित्तीय फरफारक गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी दफा ६३ मा आपुर्तिकर्ता वा निर्माण व्यवसायीले</td><td></td></tr>
</table>

			खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेमा त्यस्तो आपुर्तिकर्ता वा निर्माण व्यवसायीलाई सम्बन्धित सार्वजनिक निकायको सिफारिशमा एक वर्ष देखी तीन वर्षसम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ । ठेक्का नं.१/२०७६/७७ झोलुङ्गे पुलका स्टिल पार्टस खरिदका लागी २०७६/१२/५ मा आपुर्तिकर्ता रिजवान इन्जिनियरिङ्ग उद्योग नेपालगञ्जसँग मिति २०७८ असोज मसान्त सम्म काम सम्पन्न गर्ने गरी रु.३८,२५,३७४/- को खरिद सम्झौता भएकोमा निज आपुर्तिकर्ताले सम्झौता अवधिभित्र तोकिएको कार्य सम्पन्न नगरेका कारण गाउँ कार्यपालिकाको २०७८ पौष ७ को बैठकले उक्त खरिद सम्झौता अन्त्य गरी नयाँ ठेक्का प्रकृयामा जाने निर्णय गरेको देखिन्छ । खरिद सम्झौता गरी सम्झौता बमोजिमको कार्य सम्पादन नगर्ने आपुर्तिकर्तालाई कानून अनुसार कुनै कार्वाही नगरी सम्झौता अन्त्य मात्र गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ बमोजिम खरिद सम्झौता बमोजिमको कार्य सम्पादन नगरेका कारण नीज आपुर्तिकर्तालाई कालोसूचीमा राख्नका लागी लेखी पठाउन], नयाँ सम्झौता अनुसार लाग्ने अतिरिक्त लागत पनि असुल गर्ने र आपुर्तिकर्ताले पेश गरेको ग्लोबल आइएमइ बैंक को जमानत नं. ६२२/०१८५० को रु.४,०५,०००/- जफत गरी राजस्व दाखिला गर्नुपर्ने रु.	४०५,०००
३१			**उपभोक्ताको काम**:- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
३२			**खरिद कारवाहीको अभिलेख**:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन	

			। खरिद सम्बन्धि आवश्यक अभिलेख नराखेकोले खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
३३			**निर्माण कार्यको गुणस्तर :-** पालिकाबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, निर्माण व्यववसायी, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत सोझै गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।	
३४			**बिल भर्पाईः-** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । भौ.नं. ३११/२०७९/३/२१ बाट प्रकोप व्यवस्थापन कोषबाट रु. २२,७४१/- रामराज हार्डवयेरको फोटोकमपी बिलको प्रयोग गरी भुक्तानी दिएको छ । सक्कल बिल बेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	२२,७४१
३५			**भेरिएसन आदेश :-** भवन निर्माणको क्रममा भवनमा स्थानीय संस्कृति झल्कने गरि भवनको बाहिरी भित्तामा चिप्स राख्ने र बाहिरी झ्यालमा घुरुङ्ग राख्ने काम (1. Chips work at outer part of building -541.15 cum and 2. Wood work above windows and ventilation- 3.08 cum) को लागि यस अर्थिक वर्षमा प्रकृया शुरु गरि पालिकाले मूल्यअभिवृद्धि कर बाहेक रु.९,७४,२६७/३४ को लागत अनुमान तयार गरेकोमा भवन निर्माणको निर्माण व्याबसायी श्री गीता/श्री क्रिएटिभ जेभीबाट मात्र दररेट माग गरि प्राप्त दर रु.९,२७,८४९/४६ को कार्यदिश दिएको छ। उक्त लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स तथा कोटेसनको आधार नलिई दर विश्लेषण नगरिएको तथा लागत अनुमान कै दरमा निर्माण व्याबसायीलाई कार्यदिश दिएको नियमानुसार देखिएन ।	
३६			**धरौटी कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा रिटेन्सनमनी वापत रनिङ्ग वा अन्य विल वा बीजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले श्री गीता/श्री क्रिएटिभ जेभीलाई गत वर्ष चौथो र पाँचौ रनिङ्ग बिल भुक्तानी गर्दा धरौटी कट्टी नगरेको रु.५,१५,२३१/-	५१५,२३१

<table>
<tr><td></td><td></td><td></td><td>यस वर्षको भुक्तानीमा असुल गरि धरौटी जमानत लिएको पाइएन । धरौटी रकम सम्बन्धितवाट असुल गरी धरौटी खातामा दाखिला गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मोविलाईजेसन पेश्की :-निर्माण व्याबसायी श्री गीता/श्री क्रिएटिभ जेभीलाई दिएको मोविलाईजेशन पेश्की मध्ये बाँकी रु.९१३/- फछ्यौट गर्नुपर्ने रु.</td><td>९१३</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>जटिल संरचना निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कागबेनी बजारमा विद्युत पोल अन्डरग्राउण्ड गर्ने कार्यका लागी रु.१६,००,०००/- उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। साथै सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त विद्युतिकरण कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार खुलाएको छैन । कार्यालयले निर्माण कार्यको नियमानुसार लागत अनुमान तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>मूल्य अभिबृद्धि कर कट्टाः- मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६गअनुसार ठेक्का वा करार अन्तरगत वस्तु वा सेवा आपूर्ति वापतको कर भुक्तानी गर्दा ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहायका निर्माण व्यवसायी र आपुर्तिकर्ताको बिल भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने मू.अ.कर नकाटी पूरै रकम भुक्तानी दिएको देखिन्छ । नियमानुसार कट्टा गर्नु पर्ने रु.७,९९,८६२/- मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं. र मिति</th><th>कामको विवरण</th><th>फर्म/निर्माण व्यवसायी</th><th>मू.अ.कर नं</th><th>मूकर</th></tr>
<tr><td>३३/२०७९/३/१३</td><td>वडा कार्यालयमा सोलार जडान</td><td>ग्रामिण उर्जा सर्भिस सेन्टर दमोली</td><td>६०३०८७२११</td><td>७११७५</td></tr>
<tr><td>४१/२०७९/३/२०</td><td>सर्भे सामग्री खरिद</td><td>सर्भे होम इन्टरप्राइजेज</td><td>३०१२१५२७३</td><td>११४७५१</td></tr>
<tr><td>५५/२०७९/३/२४</td><td>रेडियन्ट वार्मर खरिद</td><td>सुमेरु ट्रेड कन्सर्न</td><td>६०९२५१७४२</td><td>५७२९२</td></tr>
<tr><td>७९/२०७९/३/२५</td><td>खिंगा खानेपानीको डिपिआर</td><td>म्यापर्स नेपाल प्रा.लि</td><td>६०६६१२०१६</td><td>२२८१५</td></tr>
<tr><td>८१/२०९७/३/२५</td><td>स्केलेटर मुक्तिनाथ जाने बाटोको डिपिआर</td><td>पूर्वाधार इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.</td><td>६०६५१०७७६</td><td>५७२२३</td></tr>
<tr><td>८३/२०७९/३/२६</td><td>झोङ खोला पुलको डिपिआर</td><td>एडन इन्जिनियरिङ्ग सोलुसन</td><td>६०६८३४३८४</td><td>१०३१९४</td></tr>
</table></td><td>७९९,८६२</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८४/२०७९/३/२६</td><td>कागबेनी बजार क्षेत्रमा विद्युत तारको डिपिआर</td><td>इन्क कन्सल्टेण्ट</td><td>६०५९१६३४२</td><td>५७१३५</td></tr>
<tr><td>८५/२०७९/३/२६</td><td>झोङ तेताङ सडकको डिपिआर</td><td>नभ्य टेक्नोलोजी प्रा.लि.</td><td>६०९६७६६६८</td><td>९१७२८</td></tr>
<tr><td>१/२०७९/३/२५</td><td>प्रशासनिक भवनको कम्पाउण्ड वाल निर्माण</td><td>अमेपल कन्स्ट्रक्सन</td><td>३०२८४६२०५</td><td>२२४५४९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७९९८६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>फर्निचर खरिद :- नयाँ कार्यालय भवनमा राख्नको लागि पालिकाले फर्निचर खरिद गरेकोमा यसप्रकार देखिएको छ :
• सोफा, कुर्सी लगायत १३ प्रकारका फर्निचर खरिद गर्न २०७८/१२/१ मा रु.१९,९७,५००/- को लागत अनुमान तयार गरि सिलबन्दि बोलपत्रद्धारा सिटिजन फर्निचर ट्रेडलिंकसंग रु.१४,५२,१८९/- मा संझौता गरि खरिद गर्दा लागत अनुमान रु.२०,०००/- भएको ८ थान स्पेसिफिकेसन 3*2 wooden frame rein super 50 density foam, bottom steel leg भएकोमा सोफा खरिद गर्दा आपूर्तकले स्पेसिफिकेसन भन्दा फरक काठको खुट्टा भएको २ सिटर सोफा ८ थान दिई रु.९३,४४०/- खर्च लेखेको छ। तोकिएको स्पेसिफिकेसन अनुसार सामान आपूर्ति गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।
• युवा ट्रेड सप्लायर्स पोखराबाट नयाँ भवनको लागि रु.७,९६,११३/- मा कार्पेट २०० मि., पर्दा ४८ सेट, डोरम्याट १५ मिटर र टावेल ३० थान खरिद गरि भवन निर्माण सम्पन्न नभएकोले भवनमा फिटिङ्ग नभै मौज्दातमा राखेको छ। भवन तयार नगरि फर्निसिङ्ग समान खरिद गर्नु उपयुक्त देखिएन। खरिद भएका सामानहरुको हानीनोक्सानी नहुने तर्फ पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>त्यसैगरी सम्झौताको बुँदा नं. ४ मा पालिकाको तर्फबाट अनुगमन समितिले च्याङ्ग्रापालन समूहले गरेका कार्यको समय समयमा अनुगमन मुल्याङ्कन गर्नु पर्ने र बुँदा नं. ९ मा च्याङ्ग्रा पालन समूहले पालिकाबाट प्राप्त रकमको लेखापरीक्षण गराउनु पर्ने उल्लेख गरेको छ । तर पालिकाले हालसम्म उक्त समूहले गरेको कामको अनुगमन मूल्याङ्कन गरेको देखिएन भने च्याङ्ग्रा पालन समूहले समेत पालिकाबाट अनुदान रकमको लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको देखिएन । अनुगमन समितिले च्याङ्ग्रा पालन समूहले गरेका कामको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नु पर्दछ भने उक्त समूहले पनि पालिकाबाट प्राप्त अनुदान रकमको लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सामान आपूर्ति नगरि भूक्तानीः- जीएमपी फ्रिज खरिदका लागी सुष्मिता कन्सर्न प्रा. लि. काठमाण्डौंसँग १ महिना भित्र सामान आपुर्ति गर्ने गरी २०७९/२/१६ मा रु.३,९८,०००/- को खरिद सम्झौता गरेकोमा २०७९/३/५ मा उक्त आपूर्तिकर्ताको बिजक नं.१०४ को प्रतिलिपीका आधारमा सामान प्राप्त भएको भनी २०७९/३/२४ मा कार्य स्वीकार प्रतिवेदन समेत तयार गरी खर्च लेखेको छ । कार्यालयको जिन्सी परीक्षण गर्दा उक्त फ्रिज दाखिला भएको देखिएन । पछि सामान आपुर्ति हुने शर्तमा प्रतिलिपी बिलका आधारमा कार्य</td><td></td></tr>
</table>

			स्वीकार तयार गरी खर्च लेखिएको जानकारी प्राप्त भयो । सुष्मिता कन्सर्न प्रा.लि. काठमाण्डौंको नाममा २०७९/३/३४ मा जारी भएको चेक नं.२८१९१३६१ (चेक रकम रु.३,९२,७१७/-) को चेक बैंकबाट साटिएको देखिएन । सामान आपुर्ति पनि नगरेको र चेक बुझ्न पनि नआएको कार्यालयको भनाई रहेको छ । भौतिक रुपमा सामान प्राप्त नहुँदै सामान प्राप्त भयो भनी कार्य स्वीकार गर्ने र बजेट खर्च लेख्ने पदाधिकारीलाई जिम्मेबार बनाई कार्वाही हुनु पर्दछ ।	
४३			**अफलाईन भौचर :-** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/७/१ को निर्णयले स्थानीय निकायले सञ्चितकोषको रकम खर्च गर्दा अनिवार्य रुपमा सुत्रको (SuTRA software) प्रयोग गर्नुपर्ने तथा सूत्रभन्दा बाहिरबाट खर्च लेखाङ्कन गर्न नहुने भनी परिपत्र जारी गरेको छ । तर पालिकाले गाउँपालिका भवनको कम्पाउण्ड वाल निर्माण वापत निर्माण व्यवसायी अमेपल कन्स्ट्रक्सनलाई बिजक नं.०१/२०७९/३/ को बिल रु.१९,५१,८५४/- भुक्तानी दिदा सुत्रमा अनलाईन लेखांकन नगरी म्यानुअल बिधिबाट गोश्वारा भौचर उठाई चेक जारी गरी खर्च गरेको पाईयो । जसका कारण पालिकाको यथार्थ खर्च तथा सुत्रबाट देखिएको खर्च रकम समेत फरक हुने तथा कारोबारको यथार्थतामा समेत यकिन गर्न सकिने अवस्था नरहेकोले सुत्र भन्दा बाहिरबाट खर्च लेखिएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.	१,९५१,८५४
४४			**प्रशासिकय भवन निर्माण :**	
४४.१			**कार्यालय भवन निर्माण :-** गाउँपालिकाको कार्यालय भवन निर्माण गर्नको लागि रु.४,७१,८७,८८२।६८ को लागत अनुमान तयार गरि टेण्डरद्धारा श्री गीता/श्री क्रियटिभ जे.भी., मुस्ताङसँग २०७७/९/११ सम्म कार्य सम्पन्न गर्ने गरी २०७६/३/१२ मा रु.३,९०,०९,१३८/- को खरिद सम्झौता भएकोमा यस वर्ष छैठौं रनिङ्ग बिल सम्म रु.२,९३,९९,७०७/४९ भुक्तानी भएको छ । सोको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् :	
४४.२			**म्याद थप:-**संझौता अनुसार कार्य सम्पन्न नभैगाउँपालिका प्रशासकिय प्रमुखले २०७७/८/२२ मा पहिलो पटक ४ महिना १५ दिन २०७८/१/२७ सम्म, २०७८/१/२० मा दोस्रो पटक ४ महिना १५ दिन ले २०७८/६/१२ सम्म र सो पश्चात गाउँ कार्यपालिकाको २०७८/६/१९ को निर्णयले तेस्रो पटक २०७८ चैत्र मसान्त सम्म, २०७८/१२/२४ को निर्णयले चौथो पटक २०७९/१/२९ सम्म, २०७९/२/३ गतेको निर्णयले पाँचौं पटक २०७९/३/२५ सम्म र २०७९/३/३२ गतेको निर्णयले छैठौं पटक २०७९/५/२५ गते सम्म गरि२० महिना १५ दिन म्याद थप गरेकोमा निर्माण कार्य हालसम्म सम्पन्न भएको पाइएन । उक्त ठेक्काको कार्य सम्पादन जमानतको म्याद २०८०/२/२४ सम्म र बीमाको म्याद २०७९/३/२५ गते सम्म मात्र रहेको हुँदा सोको म्याद त्रुटी सच्याउने अवधिमा थप एक महिना समेत हुने गरी नविकरण गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।	
४४.३			**पूर्व निर्धारित क्षतिपूर्ति :-** निर्माण व्याबसायीको ढिलाईको कारणले सम्झौताबमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम १० प्रतिशतले नबढने गरि प्रतिदिन सम्झौता रकमको ०.०५	

			प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यबस्था छ। भवनको निर्माण व्याबसायी श्री गीता/श्री क्रियटिभ जे.भी.ले २०७७/९/११ सम्म कार्यसम्पन्न गर्ने गरि सम्झौता गरेकोमा म्याद समाप्त भै ६ पटक निर्णय गरि २० महिना १५ दिन म्याद थप गरेकोमा हाल सम्म कार्य सम्पन्न नगरेकोले सम्झौता रकम रु.३,९०,०९,१३८/- को नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।	
४४.४			**कर नन्फाइलर :–** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट श्री गीता/श्री क्रियटिभ जे.भी., मुस्ताङलाई मू.अ.कर रु. ४,३६,९१५/-समेत रु. ३७,९७,८००/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	४३६,९१५
४५			**सक्कल बीजक पेश नभएको :-** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने बिल भरपाईका आधारमा खर्च गर्नु पर्दछ । देहायका खरिद कार्य गरे वापत रु.७,५८,६५७/- भुक्तानी गर्दा सक्कल बिल भर्पाई पेश गरेको देखिएन । सक्कल बिल भर्पाई बेगर भुक्तानी गरेको रकम नियमसम्त नदेखिएको रु.	७५८,६५७

भौ नं. र मिति	कामको विवरण	फर्म/निर्माण व्यवसायी	भुक्तानी रकम रु.	कैफियत
३३/२०७९/३/१३	वडा कार्यालयमा सोलार जडान	ग्रामिण उर्जा सर्भिस सेन्टर दमोली	७५८६५७	प्रतिलिपी बिल पेश

४६			**छुसाङ-भ्राका च्याङ्ग्रा पालन कार्यक्रम :-** संघिय सरकारको विशेष अनुदान अन्तर्गत यस पालिकाको २०७८/९/२८ को निर्णयका आधारमा छुसाङ-भ्राका च्याङ्ग्रा पालन समूहसँग २०७८/१०/६ मा रु.१,२९८२,,२९९/- च्याङ्ग्राको खोर निर्माण र च्याङ्ग्रा खरिद कार्यका लागी सम्झौता भएको छ । सम्झौता बमोजिम २०७९/२/३० सम्म च्याङ्ग्राको खोर निर्माण र २७५ वटा च्याङ्ग्रा तथा २५ वटा बोका खरिद कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता बमोजिम उक्त समूहले रु.३,६६,१०४/- मा १ गोठ निर्माण, रु.१७,५५,८७५/- मा २ वटा गोठालाका लागी सेल्टर निर्माण गर्नुका साथै रु.५३,५२,५००/- मा २७५ वटा च्याङ्ग्रा र रु.७,५०,०००/- मा २५ वटा बोका खरिद गरेको देखिन्छ । सम्झौता बमोजिम खरिद गरिएका च्याङ्ग्रा र बोकाको बिमा गराउनु पर्नेमा बिमा गराएको र स्वास्थ्य परीक्षण गराएको देखिएन । अनुदानबाट प्राप्त पशुधनको अनिवार्यरुपमा बिमा गराउनुको साथै समय समयमा स्वास्थ्य परीक्षण गराउनु पर्दछ ।	
४७			**सामाजिक सुरक्षातर्फ** :- गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ 5 वटा वडाका ४५४ जना लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत तीन चौमासिकको जम्मा रु.१,९१,००,९७१।0 वितरण गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्षले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण	

<table>
<tr><td></td><td></td><td></td><td>कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस गाउँपालिकाले सो कार्य गरेको पाइएन। त्यसैगरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा गाउँपालिकाले को.ले.नि.कार्यालयमा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो त्रैमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकासा माग गर्दा उक्त हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन। अतः कार्यविधिमा भएको व्यवस्था बमोजिम अघिल्लो त्रैमासिकको हिसाव मिलान विवरण पेश गरेर मात्र निकासा माग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मोबिलाईजेशन पेश्की बाँकीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले दिएको पेश्की खरिद सम्झौतमा उल्लेख भए अनुसार प्रत्येक रनिङ्ग बिल वा अन्य बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दिएको मोबिलाईजेशन पेश्की मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा निम्नानुसार पेश्की बाँकी देखिएकोले नियमानुसार पेश्की फर्स्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की लिएको भौ न र मिति</th><th>पेश्की लिनेको नाम</th><th>सम्झौताको म्याद</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>११।०७९।३।८</td><td>मुक्तिनाथ आधारभूत विद्यालय</td><td>०७९।४।११</td><td></td><td>७२००००</td></tr>
<tr><td>२३।०७९।२।१९</td><td>कागबेनी विद्युत तार अन्डरग्राउण्ड उ. स.</td><td>०७९।३।१३</td><td></td><td>१६०००००</td></tr>
<tr><td>१७।०७९।३।२२</td><td>झोङ खोला झोलुङ्गे पुल उ. स.</td><td>०७९।४।२५</td><td></td><td>१०३०४६३</td></tr>
<tr><td>२०।०७९।३।२२</td><td>झार्क ल्हुङबक झोलुङ्गे पुल उ. स.</td><td>०७९।४।२५</td><td></td><td>१०३०४६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४३८०९२६</td></tr>
</table></td><td>४,३८०,९२६</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>पदाधिकारी सुविधा :- गण्डकी प्रदेश सभाबाट पारित गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविधा वापत २०७८ श्रावण देखि २०७९ असार सम्म 12 महिना अवधिको रु.५६,९२,२१४/- खर्च लेखेको पाइयो । यसरी पालिकाले पदाधिकारीलाई सुविधा भुक्तानी गर्दा स्थानीय तहको आन्तरीक स्रोत रु.२७,७४,६९०।० मात्र देखिन्छ । आम्दानीको तुलनामा बढि सुविधा खर्च लेखेकोले ऐनको व्यवस्था बमोजिम आन्तरिक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम सुविधा प्रदान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>बैठक भत्ता :- अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७५ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि को दफा ७.१.१ मा बैठक भत्ता दिने आधारहरुमा स्पष्ट विषयबस्तु र कार्ययोजना वेगर बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख गरेको छ । पालिकामा विभिन्न मितिमा</td><td></td></tr>
</table>

			लुप्रा स्कूल विल्डिङ्ग कन्स्ट्क्सन वर्क्स र प्राविधिक सहायक पदपूर्तिको मूल्याकन तथा व्यवसायिक फलफूल विकास कार्यक्रम लगायतका शिलबन्दी दरभाउपत्रहरु र बोलपत्रहरुको मुचुल्का तथा मूल्याङ्कन बैठक बस्दा निर्देशिकाका आधारहरुको पालना नगरी कर्मचारीहरुलाई प्रति बैठक जनहि रु.१,०००/- का दरले ६ जनालाई ५५ वटा बैठकको भत्ता वापत रु.५५,०००/- खर्च गरेकोले कानुनी व्यवस्था खर्च गर्नुपर्दछ ।	
५१			**सेवा करार कर्मचारीको स्थानीय भत्ताः** सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन÷१८÷०७३।७४, चलानी नं. २१७ मिति २०७४।०१।२५ को परिपत्रले करार सेवाका कर्माचारीको सुविधाबारे स्पष्ट पारेको छ । जसअनुसार करारका कर्मचारीलाई स्थानीय भत्ता वापतको भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले यस वर्ष सेवा करारतर्फका २८ कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	८९१,७६०

क्र.सं.	नाम	पद	स्थानीय भत्ता वापतको रकम
१	श्री तारा वली	हे. अ.	२३०६४
२	श्री दिपक बोहरा	हे. अ.	२३०६४
३	श्री शंकर अवस्थी	हे. अ.	२३०६४
४	श्री निर्मला कुमारी न्यौपाने	हे. अ.	२३०६४
५	श्री शुष्मा शाही	अ.हे.व.	५१६६०
६	श्री निर्मला बोहरा	अ.न.मी.	२०१८४
७	श्री अनिता कुमारी शाही	अ.न.मी.	५१६६०
८	श्री पेमा लमु यल्गु	ना.प्रा.स.	५१६६०
९	श्री मनिषा जि.सी.	ना.प.से.प्रा	५१६६०
१०	श्री वासु थकाली	ना.प.से.प्रा	५१६६०
११	श्री मन बहादुर सार्की	अ.सब-इन्जिनियर	५१३१०
१२	श्री उमेश दाहाल	फिल्ड सहायक	२२१४०
१३	श्री गिता शाही	अ.हे.व.	७३८०

१४	श्री सरिता वि.क.	अ.न.मी.	२५८३०
१५	श्री हितमान गुरुङ	ह.स.चा	३२४००
१६	श्री रोशनी नेपाली	का.स.	३२४००
१७	श्री छिरिङ घ्याल्बो गुरुङ	का.स.	३२४००
१८	श्री शान्ति मेन्दोक गुरुङ	का.स.	३२४००
१९	श्री नारायण योगी	का.स.	३२४००
२०	श्री सरिला परियार	का.स.	३२४००
२१	श्री कमल बहादुर गुरुङ	का.स.	३२४००
२२	श्री सोनम आङ्गेल गुरुङ	का.स.	५४००
२३	श्री शान्ति वि.क.	का.स.	३२४००
२४	श्री दावा गुरुङ	का.स.	३२४००
२५	श्री सोनु गुरुङ	का.स.	३२४००
२६	श्री अश्मी पुर्जा	का.स.	३२४००
२७	श्री छिरिङ डोमा गुरुङ	का.स.	४१७६०
२८	श्री कर्मझुक्मे गुरुङ	का.स.	१०८००
	जम्मा		**८९१७६०**

५२			**भौ.नं. ३।२०७९।०३।२५** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को निमयम ६ग मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कागबेनी ढल निर्माण कार्यको डिपिआर निर्माणको लागि अभय इन्जिनियरिङ्ग सोलुसन एण्ड कन्स्ट्रक्शन प्रा लि लाई रु.९,९६,६६०।० भुक्तानी गर्दा सो को ३० प्रतिशतले हुने मू अ कर रु.३४३९८।० राजस्व खातामा दाखिला गरेको नदेखिएकोले मू अ कर समायोजन पत्रपेश हुनुपर्ने रु.	३४,३९८

५३			**भौ.नं. १।२०७९।०३।२५** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता वा लाभग्राही समुदायले प्राविधिक मूल्याङ्कन सहित अन्य कागजात सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको अनुदानबाट जननर्मल मा वि भवन निर्माणको प्राविधिक मूल्याङ्कन रु.१०,६४,६४४।७१ मा उपभोक्ता समितिको योगदान रु.१,००,४५२।७३ कटाई रु.९,६४,१९१।० भुक्तानी दिनुपर्नेमा रु.९,७०,०००।० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.५,८०९।० असुल गर्नुपर्ने रु.	५,८०९
५४			**कर्मचारी प्रोत्साहन भत्ता:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णय अनुसार निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण थप व्ययभार परेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
५५			**स्थानीय भत्ताः-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । भौ .नं.१।०७८/१०/०१ बाट प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानेन्द्र शर्मालाई दैनिक भत्ता भुक्तानी दिँदा उक्त अवधिको स्थानीय भत्ता रु. १,८७५/- कट्टा गरेको देखिएन । दैनिक भत्ता भुक्तानी लिएको अवधिको स्थानीय भत्ता असुल हुनुपर्ने रु.	१,८७५
५६			भौ.नं. १२।०७८/०६/२० बाट सवारी मर्मत आदेश र लागत अनुमान बिना नै गाउँपालिकाको हलुका सवारि साधन मर्मत गरी प्रितम मोटर पार्टस् लाई रु.७८,९००।० भुक्तानी दिईएकोमा मर्मत आदेश तथा लागत अनुमान तयारी र स्वीकृत गरेर मात्र सवारी साधन मर्मत गर्नुपर्दछ ।	
५७			**सक्कल बिल भरपाई नभएको :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २४९-207९/२/2५ बाट पशुपति भेटेरिनरी सप्लायर्स पोखराबाट औषधि खरिद रु.१,६९,२२८/- को फोटोकपी बिलको आधारमा भुक्तानी दिएकोले सक्कल विल पेश हुनु पर्ने रु.	१६९,२२८
५८			**भ्रमण खर्च बिल वेगर :-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ बमोजिम भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने उल्लेख छ । पालिकाको निशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन कार्यक्रममा चिकित्सक स्वास्थ्य	१५,०००

<table>
<tr><td></td><td></td><td></td><td>र अन्य कर्मचारीको पारिश्रमिक सेवा सुविधा वितरण भर्पाईमा आयुर्वेद विभागका निम्न कर्मचारीहरुको आतेजाते दैनिक भत्ता वापत दैनिक भ्रमण खर्च तथा बिल संलग्न नगरी रु.१५,०००/- खर्च लेखेको रकम नियमित नदेखिएको रु.
<table>
<tr><th>नाम</th><th>पद</th><th>कार्यालय</th><th>आतेजाते खर्च</th></tr>
<tr><td>डा. श्याम बाबु यादव</td><td>ब. क. आ. विज्ञ</td><td>आयुर्वेद विभाग</td><td>५०००</td></tr>
<tr><td>डा. पुनेश्वर केशरी</td><td>आयुर्वेद चिकित्सक</td><td>आयुर्वेद विभाग</td><td>५०००</td></tr>
<tr><td>श्री विष्णु माया श्रेष्ठ</td><td>वरिष्ठ कविराज निरीक्षक</td><td>आयुर्वेद विभाग</td><td>५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले विपद् व्यवस्थापनका लागि छुट्टै कानूनी व्यवस्था गरेको छैन । वार्षीक नीति तथा कार्यक्रममा समानीकरण अनुदानबाट रु.६०,००,०००।० र राजस्व बाँडफाँटबाट रु.२८,००,०००।० बजेट व्यवस्था गरेको छ । यसरी व्यवस्था गरिएको रकम विपत व्यवस्थापन कोषमा ट्रान्सफर गरी कानूनी व्यवस्था बमोजिम खर्च गर्नुपर्नेमा सो अनुसार नगरी पालिकाले विपद् व्यवस्थापनका लागि गाउँपालिका चालु खर्च खाताबाट रु.५४,३४,७३२।० खर्च गरेको छ । पालिकामा प्रकोप व्यवस्थापन कोषको नाममा खाता खोलिएको भएतापनि सो खातामा रकम जम्मा नगरी सोझै चालु खर्च खाताबाट खर्च गरेको देखिएकोले कानूनी व्यवस्था गरी कार्य योजना बनाई कोष खाताबाट खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>समिति गठन :- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरी गठित समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्नेमा समिति गठन गरेको पाइएन।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
</table>

६२			**कार्य योजना :-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्नता गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये विपद व्यवस्थापन कार्ययोजना तर्जुमा नगरेको, विपदका कार्यहरूको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
६३			भौ.नं. ३११।०७९।३।२१ बाट तेता छोर्तेन मर्मत कार्यको लागि रामराज हार्डवेयर पोखराबाट ३५ बोरा सिमेण्ट खरिद रु.३२,७४१/- भुक्तानीमा सक्कल बिल पेश नभएकोले सो को सक्कल विल पेश हुनु पर्ने रु.	३२,७४१
६४			**आर्थिक सहायता :-** स्थानीय सरकार सचालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं सस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन ।स्थानीय निकायले प्रकोप व्यवस्थापन समिति गठन गरी समितिको निर्णय सिफारिस लागी कार्य पालिकाको बैठकबाट निर्णय गरी प्रकोप व्यवस्थापन कार्य विधि तयार गर्नु पर्दछ । प्रकोप व्यवस्थापन समिति नै गठन नगरी कार्य पालिकाको बैठकको निर्णय अनुसार कोभिड-१९ बाट मुत्यू भएका ६ परिवारलाई रु.६५,०००।०र २ जनालाई रु.५,३०,०००।० आर्थिक सहयोग र क्षतिपूर्ति वापत प्रकोप व्यवस्थापन कोषबाट रु.११,८०,०००।०आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	

सि.नं.	आर्थिक सहयोग पाउनेको नाम र थर	रकम
१	ङवाङ थर्चेन गुरुङ	१०००००
२	ङिमा ढन्डुल गुरुङ	१०००००
३	केसाङ्ग ठोक्या ठकुरी	१०००००
४	कर्मा लामा	१०००००
५	कमल बहादुर गुरुङ	१५००००
६	ङिमा ढन्डुल गुरुङ	१०००००

७	छोर्तेन साङमो गुरुङ	३००००
८	पाल्साङ छिरिङ्ग गुरुङ	५०००००
जम्मा		**११८००००**

६५ **लागत अनुमान** :- सार्वजनिक खरिद ऐन, 2063 को दफा 5 मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमको भौतिक कार्य गर्दा लागत अनुमान तयार नगरी काम गरेको परिमाण नखुलाई डोजर भाडामा लिई घण्टाको हिसाबले भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु. १,२२५,३११

भौ.नं. र मिति	**विवरण**	**फर्मको नाम**	**खर्च रकम**
७-2078/६/१९	पाण्डा खोला लुप्रा गाउ जानेबाटो मर्मत	तुलाचन कन्स्ट्क्सन प्रा. लि.	२१५९९९
७-2078/६/१९	कागवेनी सिचाई तथा घट्टेखोला मर्मत	तुलाचन कन्स्ट्क्सन प्रा. लि.	३२७९९९
७-2078/६/१९	पाण्डा खोला	हिमालयन कन्स्ट्रक्सन, कागबेनी	४३३३१३
८५-2078/१०/७	कागवेनी हस्पिटल जग्गा समाउने कार्य	तुलाचन कन्स्ट्क्सन प्रा. लि.	२४८०००
जम्मा			**१२२५३११**

६६ **अनुत्पादक खर्च** :- सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्नेमा पालिकाले फल्याक गाउ सघुङ ल्हुङवुग यूवा क्लबलाई सास्कृतिक महोत्सव मनाउन रु.८,००,०००/- अनुउत्पादक प्रयोजनमा खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

६७ भौ.नं. ३२४।०७९।३।२४ बाट श्री मुक्तीनाथ आधारभूत बिद्यालयलाई १ थान सोलार हिटर र जडान वापत रु.१,९०,०००/- खर्च लेखेकोमा उक्त सामान सम्बन्धित विद्यालयमा जिन्सी आम्दानी बांधी हस्तान्तरण फाराम र विद्यालयले प्रयोग भए नभएको अनुगमन प्रतिवेदन प्रमाण पेश हुनु पर्दछ ।

६८ भौ.नं. ३३२।०७९।३।२५ बाट कागबेनी गुम्बामा ड्रेस शैक्षिक सामाग्री खरिद गर्न लागत अनुमान रु. ५,५७,६०१/- स्वीकृत गरी पालिकाले रु.५,००,०००/- व्यहोर्ने गरी कार्य गरेकोमा म्याट्स वर्ल्ड पोखराबाट सिरक डव्वल खोल व्लान्केट र ट्कीङ्ग म्याट लगायत १४ आईटमको सामान खरिद गरी रु.४,५९,००२/- को विल संलग्न गरी कार्य सम्पन्न गरेको छ । कार्यसम्पन्नको आधारमा

			विद्यालयलाई रु.४,८३,८०७/- खर्च लेखेको छ । उक्त १४ आईटम सामान जिन्सी आम्दानी बांधी हस्तान्तरण फाराम र विद्यालयले प्रयोग भए नभएको अनुगमन प्रतिवेदन तयार गरेको प्रमाण पेश हुनु पर्दछ ।	
६९			**औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले सोही बमोजिम रु.१५०००००।० को औषधी तथा सर्जिकल सामान खरिद गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः · आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको साथै निशुल्क वितरणका लागि खरीद भएका अधिकांश औषधिको कभरिङ्गमा नेपाल सरकारद्वारा निःशुल्क वितरणका लागि भनी लोगोसहित उल्लेख गर्न लगाउने गरेको देखिएन । · आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। · औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७०			**शिक्षक दरवन्दी,पदपूर्ति एवं विद्यार्थी संख्याः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । लेखापरीक्षणको क्रममा माग गाँउपालिका अन्तर्गत शैक्षिक सत्र २०७८ मासञ्चालनमा रहेका सामुदायिक विद्यालय र ती विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको संख्या तथा स्वीकृत शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था, शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदन लगायतका विवरण माग गर्दा पेश नभएकोले शिक्षातर्फ भएको निम्नानुसार खर्च यकिन गर्न सकिएन ।	

क्र.सं.	खर्च शिर्षक	खर्च रकम
1.	माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षकको तलब भत्ता	३८०००००
2.	प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक	२२५०८४१
3.	आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षकको तलब	१६९४९१९४

4.	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादन प्रोत्साहन	६५००००
5.	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री	७२८००
6.	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति	२८६७००
7.	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति	४३८६०००
8.	तोकिएका विद्यार्थीको दिवा खाजा	१०७४४३५
9.	सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक	२३२०००
10.	विद्यालय सन्चालन तथा व्यवस्था अनुदान	७५३०००
जम्मा		**३०४५४९७०**

७१

प्रमाण :- भौ.नं. २७४।०७९।३।१३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) वमोजिम सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले ४ वटा बिद्यालयका छात्र र छात्राहरुलाई वितरण गर्न मण्डला क्राफ्ट पोखराबाट छुबा छात्र ड्रेश ५६ थान र सवेरा हेण्डलुम पोखराबाट बख्खु छात्रा ड्रेस थान ७१ गरी रु.४९९४४८ खर्च गरेको छ । पालिकाले ४ वटा विद्यालयबाट छात्र तथा छात्राहरुलाई ड्रेस वितरण गरेको भर्पाईको प्रमाण पेश हुनुपर्ने रु. ४९९,४४५

विद्यालयको नाम	**प्रधानाध्यापक**	**छुवा छात्र ड्रेश थान**	**बख्खु छात्रा ड्रेश थान**	**जम्मा रकम**
जनशान्ती आ. विद्यालय	श्री रामचन्द्र पराजुली	१७	१८	१३९२०९
जननर्मल आ. विद्यालय	श्री थ्याम कुमार गुरुङ्ग	२०	३०	१९४५८५
लुप्रा आ. विद्यालय	श्री भिम प्रसाद पौडेल	१३	१७	११७७५१
मुक्तिनाथ आ. विद्यालय	श्री मिन वहादुर लामिछाने	६	६	४७९००
जम्मा		**५६**	**७१**	**४९९४४५**

७२

प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम

			सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा बाटो मर्मत खानेपानी मुहान सरसफाई, सिँचाइ पोखरी मिर्मत लगायतका कार्यमा यस वर्ष ६८ जनालाई रोजगारी उपलव्ध गराई रु.२८,०८,१८०।० खर्च गरेको छ । उक्त खर्चवाट कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिएन ।	
७३			भौ.नं. २७१।०७९।३।१७ बाट सिटिजन फर्चिचर टेड लिङ्क प्रा लि पोखराबाट टेबुल बेन्च कुर्सि वोर्ड लगायत ६ आईटमका सामान खरिद गरी रु.२,९९,७११।० खर्च गरेको छ । पालिकाले जननर्मल आधारभूत विद्यायललाई डेस्क वेन्च ४, डव्वल डेकोर वेड ४, अफिस टेवुल २, अफिस कुर्ची २ र लुप्रा आधारभूत विद्यायललाई डेस्क वेन्च ४, वाईट वोर्ड ५, नोतिस वोर्ड २ माग फाराम भरि खर्च घटाएको सामानको हस्तान्तरण फाराम सहित सम्बन्धित विद्यायलमा जिन्सी आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्ने रु.	२९९,७११
७४			जनप्रतिनिधिका लागि क्षमता अभिबृद्धि तथा अनुभव आदान प्रदान कार्यक्रम शिर्षकबाट बडा नं२ का वडा अध्यक्ष छिन नाम्ग्मा गुरुङले लिएको रु.१२५००००। पेश्की फछ्यौट गरी थप रु. २५००००। भुक्तानी दिइएकोमा कार्यक्रमको लागत अनुमान तयार तथा स्वीकृत गरि खर्च गर्नुपर्नेमा सो नभएको जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण वापतको खर्च भनिएकोमा भ्रमण प्रतिवेदन पेश नभएको तथा भ्रमण प्रतिवेदन पेश नभएको तथा भ्रमण पृष्टि गर्ने कुनै कागजात नभेटिएको र आवश्य कागजात पेश गरि सम्पूर्ण कारोवारलाई नियमित गरी कर कट्टि नगरी भुक्तानी दिंदा बढि भुक्तानी भएको रकम छिन नाम्ग्या गुरुङ्बाट असूल गर्नुपर्ने रु	४३,०००
७५			झोङ गुम्बा जाने बाटो मर्मत गरेवापत गाउंपालिकाको मिति २०७८।५।२४ को निर्णय अनुसार सोना खान्टो गुरुङलाई रु.२०००००। भुक्तानी दिंदा मुस्ताङ ईन्जिनियरिङ्ग मेटल वर्कसपको रु.६३०००। फोटोकपि बिल प्रयोग गरी भुक्तानी दिइएकोद्ये सक्कल बिल संलग्न गर्नुपर्ने रु	६३,०००
७६			सवारी मर्मत आदेश र लागत अनुमान बिना नै गाउं पालिकाको हलुका सवारी साधन मर्मत गरी प्रितम मोटर पार्टसलाई रु७८९००।०० भुक्तानी दिइएकोमा मर्मत आदेश तथा लागत अनुमान तयारी र स्वीकृत गरेर मात्र सवारी मर्मत गर्नुपर्ने ।	
७७			प्रकोप व्यवस्थापन कोषाबाट पाण्डा खोलाको बाढी पन्छाउे कार्य गरे वापत दामोदर कुण्ड कन्स्ट्रकसनलाई रु ७७३५ भुक्तानी दिँदा ५७५ घनमिटरको हिसाब गरी भुक्तानी दिएकोमा प्राविधिक बिलमा ५५५ घनमिटर मात्र काम भएको देखिन्छ । प्राविधिक बिलमा काम भएको भन्दा २९ घनमिटर बढी परिमाण प्रति घनमिटर रु १२१ का दरले रु २४७३ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु	२,४२०
७८			स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस गाउं कार्यपालिकाको निर्णय तथा प्राविधिक मूल्यांकनका आधारमा विपद व्यवस्थापन कोषबाट साताङ् जाने बाटो मर्मत तथा पाण्डा खोलाको बाढी पन्छाए वापत भुक्तानी दिंदा हिमालयन कन्स्ट्रक्सनको बिल नं १० बाट बढी भुक्तानी हुन गएको सम्बन्धित फर्मबाट असूल हुनु पर्ने रु	१,४०५

७९			प्रमुख प्रशासकिय अधिकृत ज्ञानेन्द्र शर्माले कार्यालयबाट सरुवा भई जांदा रु.३९०८८। पारिवारिक भ्रमण भत्ता बुझिलिंदा पोखरासम्मको भ्रमण भत्ता रु.१४०००। बुझिलिएकोमा गो भा नं १३४ मा भ्र आ नं ३४ बाट सावरी चालक हितमान गुरुङ्गले प्रमुख प्रशासकीय अधिकृत ज्ञानेन्द्र शर्मालाई पोखरासम्म पुय्याउने उद्देश्य राखि दैनिक भत्ता बुझिलिएकाले प्रमुख प्रशासकीय अधिकृत ज्ञानेन्द्र शर्माले पोखरासम्म सरकारी सवारी प्रयोग गरेको देखिएकाले पोखरासम्मको बुझिलिएको भ्रमण भत्ता निजबाट असूल हुनु पर्ने रु	१४,०००
८०			अनुदान कार्यक्रम कार्यविधि अनुसार दलित स्तरोन्नती कार्यक्रमको सझौतामा उल्लेख भए बमोजिम अनुदान खर्च लेख्नु पर्दछ । पालिकाबाट विभिन्न जातका च्याङ्ग्रा खरिद गर्न रु.१६,००,०००/- र लाभग्राहीबाट रु.१,६५,०००/- व्यहोर्ने अध्यक्ष गोबिन्द बहादुर बि.क.संग २०७८।१२।१७ मा सझौतामा भएको छ । सझौतामा बमोजिम ५ समूहलाई च्याङ्ग्रा वितरण गरी रु.१५,५२,०००/- खर्च लेखेको छ । च्याङ्ग्राको स्वास्थ्य परिक्षण गरी स्वस्थ्य युक्त भए नभएको प्रतिवेदन दिएको छैन भने खरिद गरिएका च्याङ्ग्राको आयू, उमेर, तौल र पाठा पाठिको संख्या र ट्याग नखुलेको साथै विमा समेत गरेको पाइएन । गुणस्तरिय खरिदको लागि उपर्युक्त प्रकृया पुरा गरि लाभग्राहीले च्याङ्ग्रा पालनको आय आर्जनमा बृद्धी भए नभएको तथा च्याङ्ग्राको अवस्था सम्बन्धी अनुगमन गरी प्रतिवेदन समेत पेश हुनु पर्दछ ।	